# पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५

लालमोहर सदर मिति (२०५५/४/६/४)
नेपाल सरकारद्धारा खण्ड ४८ अतिरिक्तांक २७ नेपाल राजपत्र
भाग २ मा मिति २०५५/४/६ मा कानुन तथा न्याय मन्त्रालयका
सूचनाको रुपमा प्रकाशित

**<u>२०५५ सालको ऐन नं. ७</u>**

पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :**

मुलुकको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वस्थ रुपमा उत्पादन, विक्रि वितरण, निकासी तथा पैठारी गर्ने सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले, श्री ५ महाराजधिराज विरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>**

(१) यस ऐनका नाम "पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५" रहेको छ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा :</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्छ र सो शब्दले पन्छी र माछालाई समेत जनाउँछ।

(ख) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ्ग, खुर, प्वाँख, उन, भुत्ला, रौं, भ्रुण, वीर्य, ग्रन्थी, मल, मुत्र वा सोबाट बनाएको अप्रशोधित बस्तु सम्झनु पर्छ।

(ग) "पशु उत्पादन सामग्री" भन्नाले पशु स्वास्थ्यमा, कृत्रिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा प्रयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ।

(घ) "जैविक पदार्थ (वायोलोजिकल्स)" भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधी, खोप वा जैविक रसायन सम्झनु पर्छ।

(ङ) "क्वारेन्टाइन चेकपोष्ट" भन्नाले नेपाल सरकारले दफा ३ बमोजिम स्थापना गरेको पशु क्वारेन्टाइन चेकपोष्ट सम्झनु पर्छ।

(च) “क्वारेन्टाइन” भन्नाले कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजनय पदार्थ वा पशु उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परिक्षणको लागि एकैसाथ वा छुट्टा छुट्टै राख्ने काम सम्झनु पर्छ ।

(छ) “क्वारेन्टाइन अधिकृत” भन्नाले दफा ५ बमोजिम नियुक्ती गरिएको क्वारेन्टाइन अधिकृत सम्झनु पर्छ ।

(ज) “क्वारेन्टाइन स्थल” भन्नाले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परीक्षणको लागि क्वारेन्टाइनमा राखिने ठाउँ सम्झनु पर्छ ।

(झ) “संक्रामक रोग” भन्नाले अनुसूचिमा उल्लिखित रोगहरु र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका अन्य रोगहरुलाई समेत जनाउँछ ।

(ञ) “विभाग” भन्नाले नेपाल सरकार, पशु सेवा विभाग सम्झनु पर्छ ।

(ट) “कार्यालय प्रमुख” भन्नाले जिल्ला पशु सेवा कार्यालय वा तोकिएको अन्य कार्यालयको प्रमुख भई काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ठ) “भेटनरी निरीक्षक” भन्नाले दफा २५ बमोजिम नियुक्त गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्छ ।

(ड) “पैठारीकर्ता” भन्नाले नेपाल अधिराज्य बाहिरबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ढ) “निकासीकर्ता” भन्नाले नेपाल अधिराज्यबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ण) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद –२

३. **क्वारेन्टाइन चेकपोष्टको स्थापना :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल अधिराज्यको कुनै पनि क्षेत्रमा स्थायी वा अस्थायी प्रकृतिको क्वारेन्टाइन चेकपोष्ट स्थापना गर्नेछ ।

४. **क्वारेन्टाइन स्थल निर्माण गर्न सक्ने :** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ३ बमोजिम क्वारेन्टाइन चेकपोष्ट स्थापना भएको क्षेत्रमा क्वारेन्टाइन स्थल निमार्ण गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रलाई समेत क्वारेन्टाइन स्थल निमार्ण गर्न नेपाल सरकारले अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गैर सरकारी क्षेत्रमा क्वारेन्टाइन स्थल निर्माण गर्न चाहनेले विभागबाट सिफारिस पत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(५) **क्वारेन्टाइन अधिकृतको नियुक्ति :** नेपाल सरकारले दफा ३ बमोजिम स्थापना भएको क्वारेन्टाइन चेकपोष्टको प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई क्वारेन्टाइन अधिकृतको पदमा नियुक्ति गर्नेछ ।

(६) **क्वारेन्टाइनमा राख्नु पर्ने :** (१) पैठारीकर्ताले पैठारी गरेका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई परिक्षणको लागि तोकिएको अवधिसम्म क्वारेन्टाइनमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्वारेन्टाइनमा राखिएका पशुको लागि आवश्यक पर्ने दाना, पानी र सुरक्षाको व्यवस्था सम्बन्धित पैठारीकर्ताले गर्नुपर्नेछ ।

(३) क्वारेन्टाइनमा राखिएको पशु परीक्षण अवधिभित्रै मरेमा क्वारेन्टाइ अधिकृतले त्यस्तो मरेको पशु परीक्षण गरी नष्ट गर्न पैठारीकर्तालाई आदेश दिनेछ ।

(४) उपदफा (१) बमोजिम क्वारेन्टाइनमा राखिएको पशु मरेमा पैठारीकर्ताले कुनै प्रकारको क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

(५) क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परीक्षण गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. **प्रमाणपत्र दिनु पर्ने :** क्वारेन्टाइन अधिकृतले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राखी जाँच गरेपछि तोकिए बमोजिमको ढाँचामा क्वारेन्टाइन प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

८. **निकासी वा पैठारी गर्दा पालन गर्नुपर्ने शर्त :** निकासीकर्ता वा पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी वा पैठारी गर्दा पालन गर्नु पर्ने शर्त तोकिए बमोजिम हुनेछ ।

९. **क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नु पर्ने :** पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर गर्नु पर्नेछ ।

१०. **पैठारी गर्न प्रतिबन्ध लगाउन सक्ने :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरु भएको पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

११. **प्रवेश गर्न रोक लगाउन सक्ने :** देहायका अवस्थामा क्वारेन्टाइन अधिकृतले पैठारी गरिएका पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रीको प्रवेशमा रोक लगाउन सक्नेछ :-

(क) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन ठाउँबाट ल्याइएको हो सो ठाउँमा संक्रामक रोगको प्रकोप भएको सूचना प्राप्त भएमा,

(ख) प्रठारीकर्ताले प्रठारी गर्ने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा तोकिए बमोजिम संक्रमक रोग नभएको प्रमाणपत्र र स्वस्थता सम्बन्धि प्रमाणपत्र उपलब्ध नगराएमा,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र उपलब्ध गराएको भएतापनि केही पशुहरु संक्रामक रोग लागि मरेको पाइएमा,

(घ) पैठारी गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ल्याउनको निमित्त प्रयोग गरिएको सवारी साधनमा संक्रमक रोगको लसपस भएको पाइएमा।

१२. **<u>आदेश दिन सक्ने</u>** : (१) क्वारेन्टाइन अधिकृतले दफा (११) बमोजम प्रवेश गर्न रोक लगाइएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जुन मुलुकबाट ल्याइएको हो सो मुलुकमा फिर्ता लैजान आदेश दिन सक्नेछ।

(२) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री त्यसै राखी छोड्दा वा सम्बन्धित मुलुकमा फिर्ता पठाउदा संक्रमक रोग फैलिन सक्ने संभावना देखिएमा क्वारेन्टाइन अधिकृतले पैठारीकर्तालाई त्यस्तो पशु,पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउने वा नष्ट गर्ने आदेश दिन सक्छ।

१३. **<u>लिलाम गर्न सकिने</u>** : (१) क्वारेन्टाइन स्थलमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री तोकिएको अवधिभित्र सम्बन्धित प्रठारीकर्ताले फिर्ता नलगेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री जफत गरी लिलाम गर्न सक्नेछ। लिलाम गर्ने अवस्था र कार्यविधि तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री लिलाम गर्न उपयुक्त नदेखिएमा वा लिलाम गर्दा कसैले नसकारेमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न आदेश दिन सक्नेछ।

१४. **<u>हटाउने वा नष्ट गर्ने</u>** : (१) दफा ६, १२ वा १३ बमोजिम हटाउने वा नष्ट गर्ने आदेश पाएपछि सम्बन्धित पैठारीकर्ताले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा क्वारेन्टाइन अधिकृत आफैले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च पैठारीकर्ताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१५. **<u>पशुहरुको ओसार पसार सम्बन्धि व्यवस्था</u>** : नेपाल अधिराज्यको कुनै एक ठाउँको पशुहरुमा संक्रमक रोग लागेको कुरा पत्ता लागेमा कार्यालय प्रमुख वा क्वारेन्टाइन अधिकृतले त्यस्ता पशुहरु नेपाल अधिराज्यको कुनै अर्को ठाउँमा ओसार पसार गर्न प्रतिबन्ध लगाउन सक्नेछ।

## परिच्छेद - ३
## पशु नश्ल सुधार सम्बन्धी व्यवस्था

१६. **सूचना जारी गर्न सक्ने :** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालमा रहेका कुनै जातका पशुको वंश लोप हुनबाट बचाउन वा तिनीहरुको नश्ल सुधार गर्ने दृष्टिले नेपाल अधिराज्यको कुनै क्षेत्रमा सोही सूचनामा तोकेको जातको भाले जातको पशु बाहेक अन्य भाले जातको पशु खसी पारी राख्नु पर्ने गरी सूचना जारी गर्न सक्नेछ।

तर परम्परादेखि चलिआएको पूजा आजा वा धार्मिक अनुष्ठानका लागि नभई नहुने खसी नपारेको भाले पशु पाल्नु पर्ने भएमा त्यस्तो पशुलाई गर्भाधान गराउन नसक्ने गरी अलग्गै राख्न उपदफा (१) मा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम तोकिएको जात बाहेक अन्य भाले जतातको पशु पालेको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित व्यक्तिलाई त्यस्तो भाले पशुलाई तत्कालै खसी पार्ने आदेश दिन सक्नेछ।

## परिच्छेद - ४
## उद्योग स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था

१७. **उद्योग स्थापना गर्न सिफारिस पत्र लिनु पर्ने :** जैविक पदार्थ, चल्ला, माछाका भूरा उत्पादन गर्ने (ह्याचरी) वा पशु दाना वा मासु प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट सिफारिस पत्र लिनु पर्नेछ।

१८. **निकासी वा पैठारी गर्न सिफारिस लिनु पर्ने :** जैविक पदार्थ, चल्ला वा माछाका भूरा वा पशु दाना निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिएको दस्तुर तिरी तोकिएको निकायबाट सिफारिस पत्र लिनु पर्नेछ।

१९. **अनुमतिपत्र लिनु पर्ने :** (१) जैविक पदार्थ, चल्ला, माछाका भूरा विक्रि वितरण वा मासु प्रशोधन गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट तोकिएको दस्तुर तिरी अनुमति पत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विक्रि वितरण गरिने जैविक पदार्थ, चल्ला, माछाका भूरा वा मासु प्रशोधनको गुणस्तर तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -५
## दण्ड सजाय र पुनरावेदन

२०. **दण्ड सजाय :** (१) दफा ९ को उल्लंघन गरी पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यसरी पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रमक रोग भएको पाइएमा दोब्बर जरिवाना हुनेछ ।

(२) दफा १० को उल्लंघन गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) दफा १२ को उपदफा (१) बमोजिम दिइएको आदेश पालन नगर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(४) उपदफा (१), (२) र (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको उल्लंघन गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२१. **मुद्दाको तहकिकात र दायरी :** (१) यस ऐन अन्तर्गतको कसुरको तहकिकात क्वारेन्टाइन चेकपोष्टको कम्तीमा राजपत्र अंकित प्रथम श्रेणीको प्राविधिक सहायकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकिकात गर्ने कर्मचारीले सरकारी वकिलसित रायसल्लाह लिन सक्नेछ ।

२२. **मुद्दा हेर्ने अधिकारी :** (१) दफा (९) अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन अन्तर्गतको मुद्दा हेर्ने अधिकार कार्यालय प्रमुखलाई हुनेछ ।

२३. **नेपाल सरकार वादी हुने :** यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२४. **पुनरावेदन :** दफा २२ को उपदफा (१) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र पुनरावेदन अदालत समक्ष र उपदफा (२) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले विभागको महानिर्देशक समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - ६
## विविध

२५. **भेटनरी निरीक्षकको नियुक्ति :** (१) नेपाल सरकारले पशु औषधी वा जैविक पदार्थको गुणस्तर निर्धारित मापदण्ड अनुसार भए नभएको जाँच गर्न आवश्यक स्थान र संख्यामा भेटनरी निरीक्षकहरु नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिने भेटनरी निरीक्षकहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२६. **अधिकार प्रत्यायोजन :** यस ऐन नियम बमोजिम, कार्यालय प्रमुख, पशु चिकित्सक, क्वारेन्टाइन अधिकृत वा भेटनरी निरीक्षकलाई प्राप्त अधिकार मध्ये मुद्दा हेर्न अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **पशु प्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्ने :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पशु प्रती हुने निर्दयी व्यवहार रोक्नको लागि एउटा समिति गठन सक्नेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार सोही सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

२८. **जाँचबुझ गर्न सक्ने :** (१) कार्यालय प्रमुखलाई कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा संक्रमक रोग लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री रहेको जुनसुकै स्थानमा प्रवेश गरी जाँचबुझ गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको जाँचबुझ गर्दा दफा १० बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका रोगहरु लागेको पाइएमा कार्यालय प्रमुखले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउन वा नष्ट गर्न आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनीले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा कार्यालय प्रमुख आफैले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित धनीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२९. **नष्ट गर्ने कार्यविधि :** यस ऐन बमोजिम मृत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नष्ट गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३०. **बाधा नहुने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रशोधित पशुजन्य पदार्थमा संक्रमक रोग लागेको आशंका भएमा त्यस्ता प्रशोधित पुशजन्य पदार्थलाई क्वारेन्टाइनमा राखी परिक्षण गर्न वाधा पुर्याएको मानिने छैन ।

३१. **अनुसूचिमा हेरफेर तथा थपघट गर्ने अधिकार :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचिमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

३२. प्रचलित कानुन बमोजिम हुने : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३४. संशोधन : संक्रमक रोग ऐन, २०२० मा ठाउँ ठाउँमा प्रयोग भएका "पशु, पंक्षी वा" भन्ने शब्दहरु झिकिएका छन् ।

**अनुसूची**

**(दफा २ को खण्ड (झ) संग सम्बन्धित)**

१. ए ०१० फूट एण्ड माउथ् ढिजिज् (एफ.एम.डी.)
२. ए ०११ एफ.एम.डी. भाईरस ओ
३. ए ०१२ एफ.एम.डी. भाईरस ए
४. ए ०१३ एफ.एम.डी. भाईरस सी
५. ए ०१४ एफ.एम.डी. भाईरस एस ए टी १
६. ए ०१५ एफ.एम.डी. भाईरस एस ए टी २
७. ए ०१६ एफ.एम.डी. भाईरस एस ए टी ३
८. ए ०१७ एफ.एम.डी. भाईरस एसिया १
९. ए ०१८ एफ.एम.डी. भाईरस प्रकार नदिएको
१०. ए ०२० भेसिकुलर स्टोमेटाइटिस (भी.एस.)
११. ए ०२१ भी.एस. भाइरस इण्डियाना
१२. ए ०२२ भी.एस. भाइरस न्यूजर्सी
१३. ए ०२३ भी.एस. भाइरस प्रकार नदिएको
१४. ए ०३० स्वाईन भेसिकुलर डिजिज्
१५. ए ०४० रिण्डरपेष्ट
१६. ए ०५० पेष्टिस डेस पेटिटिस रुमिनान्टस्
१७. ए ०६० कन्टाजियस वोभाईन प्ल्यूरोन्यूमोनिया
१८. ए ०७० लम्पी स्कीन डिजिज्
१९. ए ०८० रिफ्ट भ्याली फिभर
२०. ए ०९० ब्ल्यू टंङ्ग
२१. ए १०० सीप पक्स एण्ड गोट पक्स
२२. ए ११० अफ्रिकन हर्स सिकनेस्
२३. ए १२० अफ्रिकन स्वाइन फिभर
२४. ए १३० हग क्लेरा
२५. ए १४० फाउल प्लेग
२६. ए १६० न्यू क्यासल डिजिज्

**<u>मल्टिपल स्पेसिज डिजिज्</u>**

२७. बी ०५१ एन्थ्रक्स
२८. बी ०५२ एजोकाईज् डिजिज्
२९. बी ०५२ इकाइनोकोकोसिस्/हाइड्रेटिडोसिस्
३०. बी ०५५ हर्टवाटर

३१. बी ०५६ लेप्टोपाइरोसिस्
३२. बी ०५७ क्यू फिवर
३३. बी ०५८ रेविज
३४. बी ०५९ प्याराट्यूवरक्लोसिस्
३५. बी ०६० स्कीउ वर्म (कोक्लीयोमीया होमीनोभोरस)

**क्याटल डिजिज्**

३६. बी १०१ एनाप्लाज्मोसिस्
३७. बी १०२ ववेसियोसिस्
३८. बी १०३ वोभाईन ब्रुसेल्लोसिस् (वी एबोर्टस्)
३९. बी १०४ वोभाईन जेनाइटल क्याम्पाइलो व्याक्टेरियासिस्
४०. बी १०५ वोभाईन ट्यूवरक्लोसिस् (माइक्रोव्याक्टेरियम वोभिस)
४१. बी सिस्टीसर्कोसिस् (सि. वोभिस)
४२. बी १०७ डर्म्याटोफिलोसिस्
४३. बी १०८ इन्जुटिक वोभाइन ल्यूकोसिस्
४४. बी १०९ ह्यामोरहेजिक सेप्टीसेमीया
४५. बी ११० इन्फेक्सियस् वोभाइन राइनोट्रेकाइटिस्
४६. बी १११ थेलेरियोसिस्
४७. बी ११२ ट्राइको मोनियसिस्
४८. बी ११३ टाइपोनोसोमियासिस्
४९. बी ११४ वोभाइन म्यालिग्न्यान्ट क्याटरहल
५०. बी ११५ वोभाइन स्पोन्जिफर्मिइन्सेफालोप्याथी

**सीप एण्ड गोट डिजिज्**

५१. बी १५१ ब्रुसेल्लोसिस् ओभिस इन्फेक्सन
५२. बी १५२ क्याप्राइन एण्ड ओभाइन ब्रुसेल्लोसिस् (बी. मेलीटेन्सिस्)
५३. बी १५३ क्याप्राईन आर्थाराइटिस्/ईन्सेफलाइटिस्
५४. बी १५४ कन्टाजियम एगालेक्सिया
५५. बी १५६ इन्जटिक एबोर्सन अफ इयुज
५६. बी १५७ पल्मोनरी एडिनोमेटोसिस्
५७. बी १५८ नैरोबी सीप डिजिज्
५८. बी १५९ साल्मोनेल्लोसिस् (एस. एबोर्टस ओभिस)
५९. बी १६० स्क्रेपी
६०. बी १६१ माएदी भिस्ना

**हर्स डिजिज्**

६२. बी २०१ कन्टाजियम इक्वाइन मेट्राइटिस्
६३. बी २०२ डुराइन
६४. बी २०३ इपिजुटिक लिम्फेन्जाइटिस्
६५. बी २०४ इक्वाइन इन्सेफालोमाइलाइटिस्
६६. बी २०५ इक्वाइन इन्फेक्सियस् एनिमीया
६७. बी २०६ इक्वाइन इन्फ्लुएन्जा (भाइरस टाइप ए)

६८. बी २०७ इक्वाइन पाइरोप्लाज्मोसिस् (बबेसियोसिस्)
६९. बी २०८ इक्वाइन राइनोन्यूमोनाइटिस्
७०. बी २०९ इक्वाइन ग्ल्यान्डर्स्
७१. बी २१० हर्स पक्स्
७२. बी २११ इन्फेक्सिएस् आर्थराइटिस अफ हर्स
७३. बी २१२ जापानिज इनसेफलाइटिस्
७४. बी २१३ हर्स मेन्ज
७५. बी २१५ सर्रा
७६. बी २१६ भेनेजुएलान इक्वाइन इन्सेफालोमाइलिटिस्

**पीग डिजिज्**

७७. बी २५१ एट्रोफिक राइनाइटिस्
७८. बी २५२ सिस्टिसर्कोसिस् (सी. सेलुलोसा)
७९. बी २५३ पोसाईन ब्रुसेल्लोसिस् (बी. सुइस्)
८०. बी २५४ ट्रान्समिसिवल ग्यास्ट्रोइन्टेराइटिस् अफ पीग
८१. बी २५५ ट्राइकिनेलोसिस्
८२. बी २५६ इन्टेरोभाइरस इसेफालोमाइलाइटिस्
८३. बी २५७ पोसीइन रिप्रोडक्टिभ एण्ड रेस्पिर्याटोरी सिन्ड्रोम

**पोल्ट्री डिजिज**

८४. बी ३०१ एभिएन इन्फेक्सिएस् ब्रोन्काइटिस्
८५. बी ३०२ एभिएन इन्फेक्सिएस् ल्यारिन्जोट्रेकाइटिस्
८६. बी ३०३ एभिएन ट्यूवरक्लोसिस्
८७. बी ३०४ डक भाइरस हेपाटाइटिस्
८८. बी ३०५ डक भाइरस इन्टेराईटिस् (डक प्लेग)
८९. बी ३०६ फाउल क्लेरा
९०. बी ३०७ फाउल पक्स
९१. बी ३०८ फाउल टाइफाइड (एस. ग्यालीनेरम)
९२. बी ३०९ इन्फेक्सियस् ब्रर्सल डिजिज् (गमबोरो डिजिज्)
९३. बी ३१० मेरेक्स डिजिज्
९४. बी ३११ माइक्रोप्लाज्मोसिस् (एम. ग्यालिसेप्टिकम
९५. बी ३१२ सिटाकोसिस् एण्ड ओर्निथोसिस् डिजिज्
९६. बी ३१३ पुल्लोरम डिजिज् (एम. पुल्लोरम)

**डिजिज् अफ अदर एनिमल**

९७. बी ५०१ लेस्मानिएसिस्

**मल्टिपल स्पेसिज डिजिज्**

९८. सी ६११ लिस्टेरियोसिस्
९९. सी ६१२ टक्सोप्लाज्मोसिस्
१००. सी ६१३ मेलिओडोसिस्
१०१. सी ६१४ ब्लाक्लेग
१०२. सी ६१५ बाटुलिज्म

१०३. सी ६१६ अदर क्लोस्ट्रेडियल इन्फेक्सन्स्
१०४. सी ६१७ अदर पाश्चुरेल्लोसिस्
१०५. सी ६१८ एक्टिनोमाइकोसिस्
१०६. सी ६१९ इन्टेस्टिनल साल्मोनेल्ला इन्फेक्सन्स्
१०७. सी ६२० कक्सिडियोसिस्
१०८. सी ६२१ डिस्टोम्याटोसिस् (लिभर फलुक)
१०९. सी ६२२ फिलारियासिस्

**क्याटल डिजिज्**

११०. सी ६५२ म्यूकोसल डिजिज्/वोभाईन भाइरल डाईरिया
१११. सी ६५३ भिब्रियोनिक डिसेन्ट्री
११२. सी ६५४ वार्वल इन्फेस्टेसन्

**सीप एण्ड गोट डिजिज्**

११३. सी ७०१ कन्टाजिएस पोस्चुलर डर्माटाइटिस्
११४. सी ७०२ फुट रट
११५. सी ७०३ कन्टाजिएस ओप्थाल्मिया
११६. सी ७०४ इन्टेरोटक्सिमिया
११७. सी ७०५ केजिएस लिम्फेन्डिनाइटिस
११८. सी ७०६ सीप मेन्ज

**डिजिज् अफ अदर एनिमल्स**

११९. सी ७५१ इक्वाइन क्वाइटल एक्जेन्थेमा
१२०. सी ७५२ अल्सरेटिपभ लेमफेन्जाइटिस्
१२१. सी ७५३ स्ट्रेन्गल्स्
१२२. सी ७५४ साल्मोनेल्लोसिस् (एस. एबोर्टस् इक्वाई)

**पीग डिजिज्**

१२३. सी ८०१ स्वाइन इरिसेपलस्

**पोल्ट्री डिजिज्**

१२४. सी ८५१ इन्फेक्सिएस् कोराइजा)
१२५. सी ८५३ एभिएन इन्सेफालोमाइलाइटिस्
१२६. सी ८५४ एभिएन स्पाइरोकिटोसिस्
१२७. सी ८५५ एभिएन साल्मोनेल्लोसिस्
१२८. सी ८५६ एभिएन ल्यूकोसिस्

**डग एण्ड क्याट डिजिज्**

१२९. सी ९२१ क्यानाइन डिस्टेम्पर

# नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५

लालमोहर र प्रकाशन मिति
२०५५/११२७

२०५५ सालको ऐन नं. २४

नेपाल पशु चिकित्सा परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :**
नेपालमा पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता समेतको व्यवस्था गर्नको लागि नेपाल पशु चिकित्सा परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस ऐनको नाम "नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -
(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल पशु चिकित्सा परिषद् सम्झनुपर्छ ।
(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ ।
(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद्को अध्यक्ष र उपाध्यक्ष समेतलाई जनाउँछ ।
(घ) "दर्ता किताब" भन्नाले यस ऐन बमोजिम पशु चिकित्सकहरुको नाम दर्ता गर्ने किताब सम्झनुपर्छ ।
(ङ) "दर्तावाल पशु चिकित्सक" भन्नाले दर्ता किताबमा नाम दर्ता भएको पशु चिकित्सक सम्झनुपर्छ ।
(च) "पशु चिकित्सक" भन्नाले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।
(छ) "रजिष्ट्रार" भन्नाले दफा १९ बमोजिम नियुक्त रजिष्ट्रार सम्झनुपर्छ ।
(ज) "पशु औषधी" भन्नाले पशुको रोगको निदान, उपचार वा नियन्त्रण गर्ने काममा प्रयोग हुने जुनसुकै पदार्थ, हार्मोन वा जैविक पदार्थ सम्झनुपर्छ र सो शब्दले पशुदानामा प्रयोग गरिने प्रोटिन, लवण वा भिटामिन समेतलाई जनाउँछ ।

(झ) "पशु" भन्नाले जनावर, पंक्षी र माछा समेत सम्झनुपर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद - २

## परिषद्‌को स्थापना, गठन तथा काम, कर्तव्य र अधिकार

३. **परिषद्‌को स्थापना** : पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन, वैज्ञानिक ढंगले परिचालन गर्न तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न नेपाल पशु चिकित्सा परिषद्‌को स्थापना गरिएको छ ।

४. परिषद् स्वशासित संस्था हुने : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्‌को सम्पूर्ण काम कारवाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) परिषदले व्यक्ति सरह चल अचल सम्बपत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्‌ले व्यक्ति सरह आफ्नो नामबाट नालेस् उजुरु गर्न र परिषद् उपर पनि सोही नामबाट नालेस् उजूर लाग्नेछ ।

५. परिषद्‌को गठन : (१) दफा ३ बमोजिम स्थापना भएको परिषद्‌मा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

(क) नेपाल सरकारबाट मनोनित "क" श्रेणीको दर्तावाल पशु चिकित्सक-अध्यक्ष

(ख) दर्तावाल पशु चिकित्सकहरु मध्येबाट निर्वाचित दुई जना पशु चिकित्सक-उपाध्यक्ष

(ग) नेपाल सरकारबाट मनोनित कम्तिमा "ख" श्रेणीको दर्तावाल पशु चिकित्सक दुई जना - सदस्य

(घ) दर्तावाल पशु चिकित्सकहरु मध्येबाट निर्वाचित पाँच जना पशु चिकित्सक - सदस्य

(ङ) अध्यक्ष, नेपाल भेटेरिनरी एशोसियसन - सदस्य

(२) उपदफा (१) बमोजिम परिषद्‌को गठन नभएसम्मको लागि परिषद्‌ले गर्नुपर्ने काम गर्ने गरि नेपाल सरकारले समिति गठन गर्न सक्नेछ । त्यसरी गठन भएको समिति एक वर्षभन्दा बढी अवधिको लागि कायम हुनेछैन ।

६. सदस्यको पदावधि : (१) दफा ५ को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

पदावधि समाप्त भएका सदस्यहरु यस ऐनमा लेखिएका अन्य कुराहरुको अधिनमा रहि पुनः मनोनित वा निर्वाचित हुन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त हुन आएको सदस्यको पद बाँकी अवधिको लागि मनोनयन वा निर्वाचनद्धारा पूर्ति गर्न सकिनेछ । तर छ महिनाभन्दा कम अवधिको लागि निर्वाचन वा मनोनयन गरिने छैन ।

७. सदस्यको निमित्त अयोग्यता : देहायको कुनै व्यक्ति परिषद्को सदस्य पदमा मनोनित वा निर्वाचित हुन सक्ने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएको,

(ग) साहुको ऋण तिर्न नसकि दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग अदालतबाट कसुरदार ठहरी सजाय पाएको, र

(ङ) मगज बिग्रेको ।

८. परिषद्को सदस्य कायम नरहने : देहायको अवस्थामा परिषद्को सदस्यता कायम रहने छैन :-

(क) दफा ७ बमोजिम अयोग्य भएमा,

(ख) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ग) परिषद्लाई कारण सहितको पूर्व सूचना नदिई लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(घ) मृत्यु भएमा ।

९. परिषद्को काम, कर्तव्य र अधिकार : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पशु चिकित्सा व्यवसाय सुचारु रुपबाट संचालन गर्नको लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तयार गरी त्यसको कार्यान्वयन गर्ने ।

(ख) पशु स्वास्थ्य सेवा र तत्सम्बन्धि प्रणालीलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति, कार्ययोजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयको लागि नेपाल सरकार समक्ष पेश गर्ने ।

(ग) पशु औषधि, जैविक पदार्थ, पशुको दाना, चल्ला तथा पशु उत्पादन सामग्रीलाई गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने, मापदण्ड तयार गर्न नेपाल सरकारलाई सुझाव दिने ।

(घ) पशु चिकित्सकहरुको योग्यता निर्धारण गर्ने र त्यसरी निर्धारित योग्यता पुरा गरेका पशु चिकित्सकहरुको नाम दर्ता गरी अद्यावधिक अभिलेख राख्ने ।

(ङ) दर्तावाल पशु चिकित्सकहरुले पालन गर्नु पर्ने आचार संहिता तयार गरी लागु गर्ने ।

(च) पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरुले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरुलाई तोकिए बमोजिम मान्यता दिने

(छ) पशु चिकित्सा र पशु स्वास्थ्यसंग सम्बन्धित विषयमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।

(ज) पशु औषधिको खोज वा आविष्कार गर्ने कार्यमा प्रयत्नशील रहने ।

(झ) अन्तर्राष्ट्रिय क्षेत्रमा हासिल गरिएका पशु चिकित्सासंग सम्बन्धित अनुसन्धान वा अनुभवहरुको आदानप्रदान गरी नेपालको लागि उपयुक्त हुने कुराहरु लागु गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(ञ) दर्तावाल पशु चिकित्सकले आचार संहिताको पालना नगरेमा तोकिए बमोजिमको कार्य विधि पुरा गरी त्यस्तो पशु चिकित्सकको नाम परिषद्बाट हटाउने ।

(ट) परिषद्को उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

१०. परिषद्को बैठक र निर्णय : (१) परिषद्को बैठक साधारणतया वर्षमा चार पटक बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(६) परिषद्को निर्णय रजिष्ट्रारद्धारा प्रमाणित गरिनेछ ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद – ३
## नाम दर्ता सम्बन्धी व्यवस्था

११. नाम दर्ता नगराई व्यवसाय गर्न नहुने : यो ऐन प्रारम्भ भएको मितिले एक वषपछि परिषद्मा नाम दर्ता नगराएको कुनै पनि व्यक्तिले पशु चिकित्सा व्यवसाय गनृ हुदैन ।

१२. नाम दर्ताको लागि दरखास्त दिने : (१) परिषद्मा नाम दर्ता गराउन चाहने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत पशु चिकित्सा व्यवसाय गरिरहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र परिषद् समक्ष नाम दर्ता गराउनका लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्ने छ ।

(३) उफदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्त साथ आफूले प्राप्त गरेका प्रमाणपत्र, उपाधि तथा तत्सम्बन्धि अन्य कागजात र तोकिए बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

१३. दरखास्त उपर कारवाही र दर्ताको प्रामणपत्र : (१) दफा १२ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी दर्ता किताबमा नाम दर्ता गर्न सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको दरखास्त उपर सम्बन्धित समितिले योग्यता सम्बन्धी उपाधि मान्यता प्राप्त हो होइन र दरखास्त रितपुर्वकको छ छैन भन्ने कुराको समेत जाँचबुझ गरी पन्ध्रदिनभित्र परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले पेश गरेको प्रतिवेदनको आधारमा परिषद्ले दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने नगर्ने कुराको निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्ले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी निजलाई तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । परिषद्ले दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यसको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

१४. दर्ता किताबबाट नाम हटाउने र पुनः दर्ता गर्ने : (१) देहायको अवस्थामा बाहेक दर्तावाल पशु चिकित्सकको नाम दर्ता किताबबाट हटाइने छैन ।

(क) मगज विग्रेको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको,

(ग) साहुको ऋृण तिर्न नसकि दामासाहीमा परेको,

(घ) आचार संहिता पालन नगरेको भनी परिषद्को दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेको,

(२) उपदफा (१) को खण्ड (क), (ग) र (घ) बमोजिमको अवस्था परी दर्ता किताबबाट नाम हटाइएको  पशु चिकित्सकले मनासिब माफीकको कारण देखाइ पुनः नाम दर्ता गराउन दरखास्त दिएमा र परिषद्ले निजको नाम पुनः दर्ता गर्न मनासिब देखेमा परिषद्को दुई तिहाई बहुमतको निर्णयबाट नाम दर्ता गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आदेश भएमा रजिष्ट्रारले तोकिए बमोजिमको दस्तुर लिई त्यस्तो पशु चिकित्सकको नाम दर्ता किताबमा पुनः दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।

१५. प्रमाणपत्र रद्द गर्ने : धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता हुन गएको रहेछ भन्ने कुराको जानकारी हुन आई सो कुरा जाँचबुझ गर्दा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको दर्ताको प्रमाणपत्र रद्द गर्न सक्नेछ ।

१६. पशु चिकित्सकहरुको श्रेणी : यस ऐन बमोजिम पशु चिकित्सकहरुको नाम दर्ता गर्ने प्रयोजनको लागि देहाय बमोजिमको योग्यता भएका पशु चिकित्सकहरुलाई देहाय बमोजिमको श्रेणीमा राखिएको छ :-

(क) “क श्रेणी” मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा विद्यावारिधि उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा सात वर्षको अनुभव भएको वा मान्यताप्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पन्ध्र वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी नेपाल सरकारको सेवामा कम्तिमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदमा वा विश्व विद्यालयमा कम्तिमा सहप्राध्यापकको पदमा कार्यरत पशु चिकित्सक ।

(ख) “ख श्रेणी” मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा विद्यावारिधि उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिका सात वर्षको अनुभव भएको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएको वा

मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विज्ञानमा स्नातक उपाधि हासिल गरी नेपाल सरकारको सेवामा कम्तिमा राजपत्रांकित द्वितीय श्रेणीको पदमा वा विश्व विद्यालयमा कम्तिमा उपप्राध्यापकको पदमा कार्यरत पशु चिकित्सक ।

१७. मान्यताको लागि दरखास्त दिने : (१) कुनै शिक्षण संस्थाबाट पशु चिकित्सा सम्बन्धि विषयमा डिग्री, प्रमाणपत्र वा यस्तै अन्य उपाधि प्राप्त गर्ने व्यक्तिले सो को मान्यताको लागि परिषद् समक्ष तोकिए बमा्जिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त उपर छानवीन गरी परिषद्ले मान्यता दिएको डिग्री, डिप्लोमा प्रामाणपत्र वा अन्य उपाधि प्रदान गर्ने शिक्षण संस्थाको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

१८. व्यवसाय छाडेमा वा ठेगाना बदलेमा सूचना गर्नु पर्ने : कुनै दर्तावाल पशु चिकित्सकले आफ्नो व्यवसाय छाडेमा वा ठेगाना परिवर्तन गरेमा एक महिनाभित्र रजिष्ट्रारलाई सूचना गर्नुपर्नेछ ।

## परिच्छेद - ४
## कर्मचारी सम्बन्धि व्यवस्था

१९. रजिष्ट्रारको नियुक्ति तथा काम, कर्तव्य र अधिकार : (१) परिषद्मा नाम दर्ता भै तोकिएको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले परिषद्को रजिष्ट्रार नियुक्त गर्न सक्नेछ ।

(२) रजिष्ट्रार परिषद्को प्रमुख प्रशासकिय अधिकृतको रुपमा रहनेछ ।

(३) रजिष्ट्रारको पारिश्रमिक, सेवाको शर्त तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(४) यस ऐनमा अन्यत्र लेखिएका कुराको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पशु चिकित्सकद्धारा नाम दर्ताको लागि पेश गरिएका दरखास्तहरु सम्बन्धित समितिमा पेश गर्ने ।

(ख) परिषद्द्धारा गरिएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) परिषद्द्धारा पशु चिकित्सकको रुपमा नाम दर्ता गर्ने निर्णय गरे बमोजिम पशु चिकित्सकहरुको नाम दर्ता किताबमा चढाउने ।

(घ) कुनै दर्तावाल पशु चिकित्सकको मृत्यु भएमा निजको नाम दर्ता किताबबाट हटाउने ।

(ङ) दर्तावाल पशु चिकित्सकले व्यवसाय छाडेको वा ठेगाना बदलेको सूचना प्राप्त भएमा दर्ता किताबमा जनाउने ।

(च) परिषद्को निर्णय प्रमाणित गर्ने ।

(५) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार परिषद्ले तोके बमोजिम हुनेछ ।

२०. परिषद्का कर्मचारी : (१) परिषद्ले आफ्नो आर्थिक स्रोतबाट तलब, भत्ता तथा अन्य सुविधाहरु उपलब्ध गराउने गरी परिषद्को कार्य संचालनको लागि आवश्यक संख्यामा कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरु रजिष्ट्रारको रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(३) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको सेवाको शर्त र सुविधाहरु विनियममा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## कोष र लेखा परिक्षण

२१. परिषद्को कोष : (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ ।

(२) परिषद्को सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा दहायका रकमहरु रहनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त ऋण, चन्दा, अनुदान वा दान दातव्यको रुपमा प्राप्त रकम,

(ग) परिषद्ले लगाएको विभिन्न दस्तुरबाट उठेको रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(४) उपदफा (३) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्दा नेपाल सरकारको पुर्व स्विकृति लिनु पर्नेछ ।

(५) परिषद्को कोषमा प्राप्त हुन आएको रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(६) परिषद्को कोष र खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

२२. परिषद्को लेखा र लेखा परिक्षण : (१) परिषद्को आय व्यय को लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखा परीक्षण महालेखा परीक्षकले तोकेको लेखा परिक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा परिषद्को कोषको हिसाब किताब जुनसुकै बखत जाँच्न वा जचाउन सक्नेछ ।

## परिच्छेद - ६
## विविध

३. परिषद्को विघटन : (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्न नसकेको वा बराबर अधिकारको दुरुपयोग गरेको वा त्यस्तो अधिकारभन्दा बढी अधिकारको प्रयोग गर्ने गरेको वा यस ऐन अन्तर्गत बनेको नियमावली

बमोजिम आफ्नो कर्तव्य पालन गर्न नसकेको भन्ने नेपाल सरकारलाई लागेमा सो कुरा सुधार गर्न वा सच्याउन नेपाल सरकारले परिषद्लाई निर्देशन दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन बमोजिम परिषद्ले आफ्नो काम कारवाही सुधार गर्न वा सच्याउन नसकेमा नेपाल सरकारले परिषद्लाई विघटन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद् विघटन भएपछि अर्को परिषद् गठन नभएसम्म परिषद्को कोष तथा सम्पत्ति नेपाल सरकारले आफ्नो जिम्मामा राखी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम परिषद्ले प्रयोग गर्ने सबै अधिकार नेपाल सरकार आफैले प्रयोग गर्न वा समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम परिषद् विघटन भएको ३ महिनाभित्र नेपाल सरकारले दफा ५ बमोजिम नयाँ परिषद गठन गर्नेछ ।

२४. समिति गठन गर्न सक्ने : (१) परिषद्ले आवश्यकता अनुसार विभिन्न विषय समिति तथा अन्य समिति गठन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम गठित विषय समिति तथा अन्य समितिहरुको काम, कर्तव्य र अधिकार तथा कार्यविधि परिषष्द्ले तोकिदिए बमोजिम हुनेछ ।

२५. सदस्यको बैठक भत्ता तथा अन्य सुविधा : सदस्य तथा दफा २४ बमोजिम गठन भएको विषय समिति तथा अन्य समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

२६. अनुसन्धान तहकीकात तथा मुद्दा चलाउने अधिकारी : दफा २७ बमोजिमको कसुरको अनुसन्धान तहकीकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

२७. कसुर तथा दण्ड सजाय : (१) दफा ११ बमोजिम परिषद्मा नाम दर्ता नगराई पशु चिकित्सा व्यवसाय गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिने छ ।

(२) उपदफा (१) बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको विपरित हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२८. नेपाल सरकारसंग सम्पर्क : परिषद्ले नेपाल सरकारसंग सम्पर्क राख्दा कृषि मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

२९. नियम तथा विनियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकारबाट स्विकृत भएपछि मात्र लागू हुनेछ।

(२) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही परिषद्ले आवश्यक विनियमहरु बनाउन सक्नेछ।

द्रष्टव्य : केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ ले देहायको शब्दको सट्टा देहायको शब्द राखी रुपान्तरण गरेको छ :
"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार"।

# पशु बधशाला र मासु जाँच ऐन, २०५५

लालमोहर र प्रकाशन मिति
२०५५/१२/८
२०५५ सालको ऐन नं. २६

पशु बधशाला र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना :
सर्वसाधारण जनताको स्वास्थ्य रहित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुमा स्वाभाविक गुण विग्रन नदिई उपयुक्त स्तर कायम राख्नको लागि पशु बधशाला स्थापना गर्ने र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले श्री ५ महाराजधिराज वीरेन्दै वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम " पशु बधशाला र मासु जाँच ऐन, २०५५ रहेको छ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

(२) परिभाषा : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "पशु" भन्नाले गाई, गोरु, साँढे वाहेक भाले जातको खसी तुल्याइएको वा नतुल्याइएको बोका, भेडा, च्याङग्रा, सुगुर, बंगुर, बँदेल, राँगो, खरायो वा मासुको लागि योग्य देखिएको भैंसी, बाखा, पोथी जातको भेडा, च्याङग्रा, सुगुर, बंगुर, बदेल, वा खरायो सम्झनु पर्छ र सो शब्दले भाले वा पोथी जातको कुखुरा, हाँस, परेवा वा मासुको प्रययोजनको लागि पालिएको अन्य पशुपन्छी समेत सम्झनु पर्छ।

(ख) "मासु" भन्नाले मानिसले खान योग्य पशुको मासु सम्झनु पर्छ।

(ग) "मासु निरीक्षक" भन्नाले दफा ६ बमोजिम नियुक्ति गरिएको वा तोकिएको मासु निरीक्षक सम्झनु पर्छ।

(घ) "मासु सुपरिवेक्षक" भन्नाले दफा ७ बमोजिम तोकिएको मासु सुपरिवेक्षक सम्झनु पर्छ।

(ङ) “पशु बधशाला” भन्नाले मासुको निमित्त पशु वध गर्न बनाइएको घर वा ठाउँ सम्झनु पर्छ ।

(च) “मासु विक्रेता” भन्नाले व्यावसायिक रुपमा मासु विक्रि गर्ने व्यक्ति सम्झनु पर्छ ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. ईजाजत पत्र नलिई पशु वधशाला स्थापना गर्न वा मासु विक्रि गर्न नपाईने : यस ऐन बमोजिम इजाजत पत्र नलिई कसैले पनि मासु वधशाला स्थापना गर्न वा मासु विक्रेताको काम गर्न पाउने छैन ।

४. पशु वधशालाको स्थापना : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालको कुनै पनि क्षेत्रमा पशु वधशाला स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गैर सरकारी क्षेत्रमा समेत पशु वधशाला स्थापना गर्न नेपाल सरकारले तोकिए बमोजिम इजाजत दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पशु वधशाला स्थापना र संचालन गर्दा पालन गर्नु पर्ने शर्त तथा अपनाउनु पर्ने मापदण्ड तोकिए बमोजिम हुनेछ ।

५. इजाजत पत्र : (१) पशु वधशाला स्थापना गर्न वा मासु विक्रेताको काम गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिएको अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा तोकिएको अधिकारीले त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ गरी तोकिए बमोजिम दस्तुर लिई दरखास्तवालालाई पशु वधशाला स्थापना गर्न वा मासु विक्रेताको काम गर्न तोकिए बमोजिमको ढाँचामा इजाजत पत्र दिनेछ ।

(३) मासु विक्रेताले पालन गर्नु पर्ने शर्तहरु तोकिए बमोजिम हुनेछ ।

६. मासु निरीक्षकको नियुक्ति : (१) नेपाल सरकारले पशु र मासु जाँच गर्नको लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई मासु निरीक्षकको पदमा नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) यस ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त मासु निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७. मासु सुपरीवेक्षक तोक्न सक्ने : (१) पशु वधशशाला व्यवस्थापन र मासु निरीक्षकको काममा सुपरिवेक्षण गर्नको लागि मासु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको कुनै कर्मचारीलाई नेपाल सरकारले मासु सुपरिवेक्षक तोक्न सक्नेछ ।

(२) मासु निरीक्षक नियुक्त नभएको अवस्थामा नेपाल सरकारले मासु सुपरिवेक्षकलाई नै मासु निरीक्षकको काम समेत गर्ने गरी तोक्न सक्नेछ ।

(३) मासु सुपरिवेक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. पशु वध गर्नु अघि जचाउनु पर्ने : (१) कुनै पशु वध गर्नु भन्दा अघि पशु वधशाला स्थापना भएको क्षेत्रमा पशु वधशालामा र पशु वधशाला स्थापना नभएको क्षेत्रमा मासु सुपरिवेक्षकले तोकेको स्थानमा त्यस्तो पशु जचाउनु पर्नेछ । पशु जाँच गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गरिएको पशु वध गर्न उपयुक्त देखिएमा मासु निरीक्षकले चिन्ह समेत अंकित गरी त्यस्तो पशु वध गर्ने अनुमति दिनेछ ।

(३) उपदफा (१) बमोजिम जाँच गरिएको पशु रोगी देखिएमा त्यस्तो पशु वध गर्न मासु निरीक्षकले रोक लगाउन सक्नेछ ।

९. पशु वधशालामा पशु वध गर्नु पर्ने : (१) दफा ८ बमोजिम वध गर्न उपयुक्त देखिएको पशुलाई पशु वधशालामा वध गर्नु पर्नेछ । तर प्रचलित कानुन बमोजिम निषेध गरिएका दिनमा पशु वध गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पशु वधशाला स्थापना नभएको क्षेत्रमा मासु सुपरिवैक्षकले तोकेको समय र स्थानमा त्यस्तो पशु वध गर्नुपर्ने ।

१०. वध गरिएको पशुको मासु जाँच गर्नु पर्ने : (१) दफा ९ बमोजिम वध गरिएको पशुको मासु मासु निरीक्षकले तोकिए बमोजिम जाँच गर्नु पर्नेछ ।

(२) मासु निरीक्षकले उपदफा (१) बमोजिम वध गरिएको पशुको मासु जाँच गर्दा त्यस्तो मासुमा केही खराबी वा रोग भएको पाइएमा त्यस्तो मासु आंशिक वा पूर्ण रुपमा बिक्रि वितरणको लागि निषेध गर्न सक्नेछ ।

(३) यस दफाको प्रयोजनको लागि नेपाल सरकारले मासु जाँच गर्ने प्रयोगशाला तोक्न सक्नेछ ।

११. मासु बिक्रि गर्न नपाइने : (१) दफा २ को खण्ड (क) मा उल्लेखित पशु वाहेक अन्य पशुको मासु बिक्रि गर्न पाइने छैन ।

(२) रोग लागि वा नलागि कालगतिले मरेको पशुको मासु बिक्रि गर्न पाइने छैन ।

(३) छाला सहितको मासु बिक्रि गर्न पाइने छैन । तर पन्छी, सुगुर, वंगुर वा बँदेलको मासु र पशुको जात चिनाउन आवश्यक पर्ने जति हिस्साको मासु वा पशुको टाउको वा खुट्टा छाला सहित बिक्रि गर्न यस दफाले वाधा पुर्‍याएको मानिने छैन ।

१२. मासुमा छाप वा चिन्ह लगाउनु पर्ने : (१) मासु निरीक्षकले पशुको मासु जाँच गरी मासु बिक्रि गर्न अनुमति दिदा त्यस्तो मासुमा तोकिए बमोजिमको छाप वा चिन्ह स्पष्ट देखिने गरी लगाउनु पर्नेछ ।

(२) मासु बिक्रेताले उपदफा (१) बमोजिम छाप वा चिन्ह नलगाएको मासु बिक्रि गर्न पाउने छैन ।

१३. मिसावट गरी मासु बिक्रि गर्न नहुने : (१) एक जातको पशुको मासुलाई अर्को जातको पशुको मासु हो भनी वा एक जातको पशुको मासु र अर्को जातको पशुको मासु मिसावट गरी बिक्रि गर्न पाइने छैन ।

(२) मासुको स्वभाविक गुण वा स्वाद परिवर्तन गर्ने वा तौल बढाउने गरी कुनै पदार्थ मासुमा मिसाई बिक्रि गर्न पाइने छैन ।

१४. दस्तुर लाग्ने : यस ऐन बमोजिम पशु वा मासु जाँच गराउदा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

१५. प्रवेश गर्न सक्ने : मासु निरीक्षक वा मासु सुपरिवेक्षकले जुनसुकै बेला पशु वधशाला वा मासु बिक्रि गरिने स्थानमा प्रवेश गरी पशु वा मासु जाँच गर्न वा

मासुको नमूना लिन सक्नेछ । सो कार्यमा सहयोग पुर्‍याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१६. वाधा नहुने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि परम्परादेखि चलि आएको चाडपर्व, धार्मिक पुजाआजा, कुनै भोज भतेर वा धार्मिक उत्सव जस्ता कार्यको सिलसिलामा पशु वधशाला वाहेकका स्थानमा पशु वध गर्न र छाला सहितको मासु उपयोग गर्न वाधा पुर्‍याएको मानिने छैन ।

१७. दण्ड सजाय : (१) दफा ८ को उपदफा (१) वा (३), दफा ९, दफा १० को उपदफा (२), दफा ११ को उपदफा (३) वा दफा १२ को उपदफा (२) उलंघन गर्ने व्यक्तिलाई पहिलो पटक भए ५ हजार रुपैयाँ सम्म र दोस्रो पटकदेखि पटकै पिच्छे दश हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) दफा ३, दफा ११ को उपदफा (१) वा (२) वा दफा १३ उलंघन गर्ने व्यक्तिलाई पहिलो पटक भए दश हजार रुपैयाँ सम्म र दोस्रो पटकदेखि पटकै पिच्छे वीस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

१८. अधिकार प्रत्यायोजन : यस ऐन बमोजिम नेपाल सरकारलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. नेपाल सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२०. मुद्दाको तहकीकात र दायरी : (१) यस ऐन अन्तर्गतको कसुरको तहकीकात मासु निरीक्षकले गर्नेछ र तहकीकातको काम पुरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्ने छ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकीकात गर्ने कर्मचारीले सरकारी वकीलसित राय सल्लाह लिन सक्नेछ ।

२१. मुद्दा हेर्ने अधिकारी : यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दा हेर्ने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ ।

२२. प्रचलित कानुन बमोजिम हुने : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२४. खारेजी : मुलुकी ऐन, चौपायको महलको ३ नम्बर र १६ नम्बर खारेज गरिएको छ ।

द्रष्टव्य : केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ बमोजिम रुपान्तरण भएका शब्दहरु :-

“श्री ५ को सरकार” भन्ने शब्दको सट्टा “नेपाल सरकार” ।

# पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५६/११/९

संशोधन

१. पशु स्वास्थ्य तथा पशु सेवा (पहिलो संशोधन) नियमावली, २०६३ २०६३/५/५
२. पशु स्वास्थ्य तथा पशु सेवा (दोश्रो संशोधन) नियमावली, २०६४ २०६४/९/३०
३. पशु स्वास्थ्य तथा पशु सेवा (तेश्रो संशोधन) नियमावली, २०७०/१/३०

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनुपर्छ।

(ख) "निःसंक्रमण (डिस्इन्फेक्सन)" भन्नाले कुनै बस्तुमा भएको संक्रामक तत्वलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रासायनिक वा भौतिक विधिद्धारा नास गर्ने प्रक्रिया सम्झनुपर्छ।

(ग) "शीत भण्डार" भन्नाले पशुजन्य पदार्थ, जैविक पदार्थ वा पशु उत्पादन सामग्रीहरुको गुणस्तर विग्रन नदिन प्राविधिक दृष्टिकोणबाट उपयुक्त तापक्रममा राख्ने ठाउँ सम्झनुपर्छ।

*(घ) "प्रामाणिक प्रमाणपत्र" भन्नाले पैठारी गरिने पशुपंक्षीको हकमा सम्बन्धित मुलुकको पशु क्वारेन्टाइन अधिकृत वा भेटेरिनरी अधिकृतले त्यस्तो पशुको स्वास्थ्य ठीक छ भनी प्रमाणित गरेको प्रमाणपत्र र पशु औषधी तथा जैविक पदार्थको हकमा त्यस्तो औषधी तथा जैविक पदार्थको गुणस्तर नियन्त्रण गर्ने निकायले त्यस्तो औषधी तथा जैविक पदार्थको गुणस्तर ठीक छ भनी प्रमाणित गरेको प्रमाणपत्र सम्झनुपर्छ।

(ङ) "क्वारेन्टाइन प्रमाणपत्र" भन्नाले नेपाल ‣.......... भित्र पैठारी हुने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीहरु क्वारेन्टाइन प्रक्रिया पुरा गरी क्वारेन्टाइन अधिकृतले दिने प्रमाणपत्र सम्झनुपर्छ।

(च) "जैविक सुरक्षा" भन्नाले कुनै पनि पशु फार्महरुले बाहिरी वातावरणबाट भित्र फैलिन सक्ने विभिन्न संक्रमणलाई रोक्न अपनाएका उपायहरु सम्झनुपर्छ।

---

* दोश्रो संशोधनद्धारा संशोधित।

‣ तेश्रो संशोधनद्धारा संशोधित।

## परिच्छेद–२

## पशु क्वारेन्टाइन सम्बन्धी व्यवस्था

३. क्वारेन्टाइन चेकपोष्टको स्थापना : (१) देहायका स्थानमा ऐनको दफा ३ बमोजिम क्वारेन्टाइन चेकपोष्ट स्थापना गरिनेछ :-

(क) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी पैठारी हुने अन्तर्राष्ट्रिय नाका,

(ख) अन्तर्राष्ट्रिय विमानस्थल,

(ग) देशभित्र नै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको अधिक ओसार पसार हुने विन्दु,

(२) उपनियम (१) बमोजिम स्थापना भएको चेकपोष्टमा देहाय बमोजिमको व्यवस्था हुनुपर्नेछ :-

(क) पशुको आवागमनको लागि छुट्टै प्रवेश तथा प्रस्थानद्धारको व्यवस्था,

(ख) क्वारेन्टाइनको लागि प्रयोग हुने भवन तथा गोठ सजिलैसंग सरसफाई तथा निःसंक्रमण गर्न सकिने व्यवस्था,

(ग) विभिन्न सवारी साधनबाट ढुवानी हुने पशु तथा पशुजन्य पदार्थलाई उकाल्न तथा ओराल्न प्लेटफार्मको व्यवस्था ।

४. क्वारेन्टाइन स्थलको निर्माण : (१) नियम ३ बमोजिम क्वारेन्टाइन चेकपोष्ट स्थापना भएको स्थानमा क्वारेन्टाइन स्थल निर्माण गर्न चाहने व्यक्ति वा संस्थाले सिफारिसको लागि कार्य योजना सहित विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन परेमा विभागले सो उपर आवश्यक जाँचबुझ गरी क्वारेन्टाइन स्थल निर्माण गर्न दिन उपयुक्त देखेमा निवेदकलाई सिफारिसपत्र दिनेछ ।

(३) उपनियम (२) बमोजिमको सिफारिसपत्र सहित निवेदन पर्न आएमा नेपाल सरकारले क्वारेन्टाइन स्थल निर्माण गर्न अनुमति दिन सक्नेछ ।

तर प्रजननको लागि पैठारी भएको पशुलाई पैठारीकर्ता र विभागको सहमतिमा छुट्टै क्वारेन्टाइन स्थल तोक्न सकिनेछ ।

५. क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नुपर्ने शर्तहरु : (१) क्वारेन्टाइन स्थल निर्माण गर्दा पालन गर्नु पर्ने शर्त तथा पुरा गर्नु पर्ने मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) कम्तीमा ६५०० वर्गमीटर क्षेत्रफलको जग्गा भएको हुनुपर्ने,

(ख) पशु पालन क्षेत्र, पशु फार्म, पशु बधशाला, पशु हाट बजार र पशुको प्रत्यक्ष ओहोर दोहोर हुने ठाउँबाट कम्तीमा ५०० (पाँच सय) मीटरको दुरीमा हुनुपर्ने,

(ग) क्वारेन्टाइनमा राखिएका पशुहरुको बाहिरी पशुहरुसंग सम्पर्क हुन नपाउने गरी बार बन्देजको व्यवस्था हुनुपर्ने,

(घ) भिन्ना भिन्नै जातीका पशुहरु तथा भिन्ना भिन्नै खेपमा प्रवेश गर्ने पशुहरु राख्नको लागि अलग अलग ठाउँको व्यवस्था हुनुपर्ने,

(ङ) पशुहरुको निमित्त उपयुक्त पिउने पानी, प्रकाश, भेन्टिलेसन तथा ढल निकासको व्यवस्था हुनुपर्ने,

(च) पशुहरुलाई प्रवेश तथा प्रस्थान गराउनको लागि मुल ढोका पछि अर्को भित्री ढोका समेतको व्यवस्था हुनुपर्ने,

(छ) आवश्यक दाना, पानी, घास, पराल आदि राख्ने ठाउँ भएको हुनुपर्ने,

(ज) पशुहरुलाई परिवहन साधनबाट ओराल्न र त्यसमा उकाल्न प्लेटफर्मको व्यवस्था हुनु पर्ने,

(झ) सजिलैसंग सफा गर्न, निःसंक्रमण गर्न र सुख्खा राख्न सकिने किसिमको भुईं निर्माण गरिएको हुनुपर्ने,

(ञ) पशु, पशजन्य पदार्थ वा पशु उत्पादन सामग्री राख्नको लागि छुट्टाछुट्टै र पर्याप्त स्थानको व्यवस्था हुनुपर्ने,

(ट) शीत भण्डारमा राख्नु पर्ने बस्तुहरु भएमा त्यस्ता बस्तुहरु राख्ने व्यवस्था मिलाइएको हुनुपर्ने,

(ठ) निःसंक्रमण गर्नको लागि पर्याप्त स्थान र सो को लागि प्रयोग हुने रसायन तथा सामग्रीहरु राख्नको लागि उपयुक्त ठाउँ हुनुपर्ने, र

(ड) सम्बन्धित विषयका दक्ष कर्मचारीको व्यवस्था भएको हुनुपर्ने ।

(२) क्वारेन्टाइन स्थलभित्र क्वारेन्टाइन सम्बन्धि कार्य बाहेक अन्य कार्य गर्न पाइने छैन ।

६. <u>क्वारेन्टाइनमा राखिने अवधि :</u> (१) जुन मुलुकबाठ पशु पैठारी गरिने हो सो मुलुकमा नेपालमा विद्यमान रोगको विरुद्ध खोप लगाएको अद्यावधिक र प्रमाणिक प्रमाणपत्र पेश भएमा क्वारेन्टाइन अधिकृतले त्यस्तो पशुलाई क्वारेन्टाइनमा राखि प्रमाणपत्र बमोजिमको पहिचान चिन्ह यकिन गरी जाँची त्यस्तो पशु स्वस्थ भएको पाइएमा छाड्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम यकिन हुन नसकेमा वा पशु स्वस्थ नपाइएमा खोपको प्रमाणीक प्रमाणपत्र विना पैठारी गरिएको भएमा त्यस्ता पशुलाई क्वारेन्टाइन स्थलमा राखिने छ ।

(३) उपनियम (२) बमोजिम कुनै पशुलाई क्वारेन्टाइनमा राख्नु पर्दा देहायका रोगको लागि देहायको अवधिसम्म र अन्य रोगको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अवधिसम्म राख्नु पर्नेछ :-

| | | |
|---|---|---|
| क) | रिण्डरपेष्ट (Rinderpest) | - २१ दिन |
| ख) | फुट एण्ड माउथ् डिजिज् (Foot & Mounth Disease) | - १४ दिन |
| ग) | पेष्टिस डेस पेटिटिस रुमिनान्ट्स् (Pestes des Petits Ruminants) | - २१ दिन |
| घ) | लम्पी स्कीन डिजिज् (Lumpy Skin Disease) | - २१ दिन |
| ङ) | सीप पक्स एण्ड गोट पक्स (Sheep Pox and Goat Pox) | - २१ दिन |

च) ब्ल्यू टङ्ग (Blue Tongue) -४० दिन

छ) अफ्रीकन स्वाईन फिभर (African Swine Fever) -४० दिन

ज) क्लासिकल स्वाईन फिभर (Classical Swine Fever) -४० दिन

झ) अफ्रीकन हर्स सिक्नेस (African Horse Sickness) -४० दिन

ञ) भेसिकुलर स्टोमेटाइटिस (Vesicular Stometitis) - २१ दिन

ट) स्वाईन भेसिकुलर डिजिज् (Swine Vesicular Disease) - २८ दिन

ठ) कन्टाजियस् बोभाईन प्ल्यूरोन्यूमोनिया (Contagious Bovine Pleuropneumonia) - ६ महिना

ड) रिफ्ट भ्याली फिभर (Rift Valley Fever) - ३० दिन

ढ) फाउनल प्लेग (Fowl Plague) - २१ दिन

ण) न्यू क्यासल डिजिज् (New Castle Disease) - २१ दिन

त) बर्ड फ्लु (Higly Pathogenic Avian Influenza) - २१ दिन

(४) उपनियम (३) मा उल्लेख भए बाहेकका रोगको सम्बन्धमा क्वारेन्टाइनमा राख्नु पर्ने अवधि तोक्दा रोगको जैविक कारक तत्व (प्याथोजन) शरीरमा प्रवेश गरेपछि रोगका लक्षण देखा पर्ने समयावधि (इन्कुवेसन पिरियड) संग मेल खाने गरी तोक्नु पर्नेछ ।

(५) यस नियम बमोजिम तोकिएको क्वारेन्टाइन अवधि पुरा गरेका पशुलाई क्वारेन्टाइन अधिकृतले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी तोकिएका संक्रामक रोग विरुद्ध खोप लगाई छाडिनेछ । त्यस्तो खोप लगाउदा लागेको खर्च सम्बन्धित पैठारीकर्ताले व्यहोर्नु पर्नेछ ।

(६) पैठारी गरिएका पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइन अधिकृतले परीक्षण पश्चात् उपयुक्त देखेमा छाड्न सक्नेछ ।

(७) क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री क्वारेन्टाइन प्रमाणपत्र प्रदान गरेको वा परीक्षण समाप्त भएको मितिले तीनदिन भित्र प्रठारीकर्ताले लैजानु पर्छ । सो अवधि भित्र नलगेमा क्वारेन्टाइन अधिकृतले जफत गर्न सक्नेछ ।

(८) मरेको पशु, दाना, सोत्तर, मल मुत्र वा पशुसंग सम्बन्धित वा पशुबाट निस्किएका बस्तुहरु सम्बन्धित क्वारेन्टाइन अधिकृतको लिखित आदेश विना क्वारेन्टाइन स्थलबाट वाहिर लैजान पाइने छैन ।

७. <u>परीक्षण गर्ने कार्यविधि :</u> (१) क्वारेन्टाइनमा राखिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परिक्षण गर्ने कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) पशु परिक्षण गर्ने कार्यविधि :

(१) शारिरीक निरीक्षण तथा क्लीनिकल परिक्षण गर्ने,

(२) आवश्यकता अनुसार प्रयोगशाला परिक्षण गर्ने,

(३) संक्रामक रोग भएको शंका लागेको अवस्थामा रोग परिक्षणको अन्य विधि वा प्रविधिसमेत प्रयोग गर्ने,

(ख) पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री परीक्षण गर्ने कार्यविधि :

(१) निकासी गर्ने देशबाट जारी गरिएको प्रमाणपत्रमा उल्लेख भए अनुसार कै भौतिक स्वरुप भए वा नभएको जाँच गर्ने,

(२) तौल, प्याकिङ, लेबुल तथा सिलबन्दी ठीक भए वा नभएको जाँच गर्ने,

(३) शिलबन्दी नभएको वा शिलबन्दी ठीक नभएकोमा :

(अ) बास्ना, रंङ्ग एवं बस्तुको अवस्थाको सम्बन्धमा परीक्षण गर्ने,

(आ) अवशेष, संक्रमण गर्ने तत्व तथा परिवर्तित संकेतको पहिचान गर्ने,

(इ) उपयुक्त तापक्रममा यथेष्ट समयसम्म रहे वा नरहेको पहिचान गर्ने,

*(२) उपनियम (१) को खण्ड (ख) बमोजिम परिक्षणको लागि नमूना लिंदा सम्बन्धित प्याकेज वा पार्सल संख्याको कम्तीमा दश प्रतिशत प्याकेज वा पार्सलबाट नमूना लिनु पर्नेछ ।

*(३) कुनै पशु, पशुजन्य पदार्थ, जैविक पदार्थ वा पशु उत्पादन सामाग्रीको प्रयोगशाला परीक्षणको नतिजा तुरुन्त उपलब्ध हुन नसक्ने भएमा र त्यस्तो पशु, पशुजन्य पदार्थ, जैविक पदार्थ वा पशु उत्पादन सामाग्रीबाट जनस्वास्थ्य तथा पशु स्वास्थ्यमा प्रत्यक्ष दुष्प्रभाव पर्न सक्ने अवस्था नभएमा त्यस्तो खोपको पशु, पशुजन्य पदार्थ, जैविक पदार्थ वा पशु उत्पादन सामाग्रीको नमूना संकलन गरेपछि त्यस्तो पशु, पशुजन्य पदार्थ, जैजिक पदार्थ वा पशु उत्पादन सामाग्रीको पैठारीकर्ताले प्रयोगशालाको परिक्षण प्रतिवेदन प्राप्त नभएसम्म विक्रि वितरण गर्न नपाउने शर्तमा कबुलियत गराई हद तोकी छाडिदिनु पर्नेछ ।

८. <u>क्वारेन्टाइन अधिकृतको काम :</u> (१) क्वारेन्टाइन अधिकृतले गर्नु पर्ने काम देहाय बमोजिम हुनेछ :-

(क) पैठारी भएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीलाई क्वारेन्टाइनमा राखी निरिक्षण गर्ने र पशुहरुको लागि दाना, पानी तथा औषधि उपचार भए वा नभएको जाँच गर्ने,

(ख) प्रयोगशाला परिक्षणको लागि पठाइएको नमूनाको नतिजा प्राप्त नभएसम्म त्यस्ता पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री क्वारेन्टाइनमा राख्नु पर्ने भएमा उपयुक्त किसिमले राखे वा नराखेको निरीक्षण गर्ने,

(ग) प्रत्येक खेपका पशुहरु लगेपछि क्वारेन्टाइन स्थलको सरसफाई र निःसंक्रमण गराउने,

(घ) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री परिवहन गर्न प्रयोग गरिएका सवारी साधनहरु राम्रोसंग सरसफाई तथा निःसंक्रमण भए वा नभएको निरीक्षण गर्ने र सरसफाई तथा निःसंक्रमण नभएको पाइएमा सो कार्य गर्न लगाउने,

---

* दोश्रो संशोधनद्वारा संशोधित ।

(ङ) विदेशी मुलुकबाट आएका परिवहनका साधनहरुद्वारा निस्कासित फोहोर मैला रोग नफैलने गरी उचित तरिकाले व्यवस्था भएको छ वा छैन निरीक्षण गर्ने र आवश्यकता अनुसार तह लगाउने व्यवस्था मिलाउने,

(च) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीसंग सम्बन्धित प्रमाणपत्र र अन्य कागजातहरु जाँच्ने,

(छ) पैठारी गरिएका पशुमा कुनै संक्रामक रोग भएको पाइएमा वा शंका लागेमा सो विषयमा स्थानीय पशु सेवा कार्यालय, विभाग, कृषि मन्त्रालय र अन्य सम्बन्धित निकायलाई छिटो साधनद्वारा सूचना पठाउने,

(ज) पैठारी गरिएका पशुमा संक्रामक रोग भएको र पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीमा कुनै हानिकारक तत्व भएको शंका लागेमा त्यसको नमूना संकलन गरी परिक्षणको लागि विभागले तोकेको प्रयोगशालामा पठाउने र परिक्षणको नतिजा प्राप्त नभएसम्म त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री क्वारेन्टाइनमा राख्ने,

(झ) छिमेकी मुलुकका क्वारेन्टाइन चेकपोष्टसंग सम्पर्क तथा समन्वय कायम राख्ने ।

९. संक्रमण क्षेत्रबाट ढुवानी भएको मानिने :- कुनै विमानस्थल संक्रमण स्थल हो भनि सम्बन्धित अधिकारीबाट घोषणा भएकोमा बाहेक त्यस्तो विमानस्थलबाट वा सो विमानस्थलमा अवतरण भई आएको विमानबाट ढुवानी भई नेपाल ‣.......... भित्र भित्रीएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री असंक्रमण क्षेत्रबाट सिधै ढुवानी भई आएको मानिने छ ।

➔ ..........

१०. क्वारेन्टाइन प्रमाणपत्र : (१) पैठारी हुने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीको क्वारेन्टाइन प्रक्रिया पुरा भइसकेपछि क्वारेन्टाइन अधिकृतले सम्बन्धित व्यक्तिलाई अनुसूचि - २ को ढाँचामा क्वारेन्टाइन प्रमाणपत्र यथाशिघ्र उपलब्ध गराउनु पर्नेछ ।

(२) देहायका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री निकासी गर्नु पर्दा अनुसूचि-३ को देहायका फाराममा तोकिएको ढाँचामा क्वारेन्टाइन अधिकृत वा विभागले तोकेको भेटेरिनरी अधिकृतले स्वास्थ्य वा सेनिटरी प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ :-

| | |
|---|---|
| (क) कुकुर तथा विरालोको लागि | फाराम - १ |
| (ख) घर पालुवा तथा जंगली पशुको लागि | फाराम -२ |
| (ग) पशुको वीर्यको लागि | फाराम-३ |
| (घ) पशुको मासुको लागि | फाराम-४ |
| (ङ) पशु आहारा, औद्योगकि वा औषधिको रुपमा प्रयोग हुने पशुजन्य पदार्थको लागि | फाराम - ५ |
| (च) घोडा जातीका पशुको लागि | फाराम-६ |

‣ तेश्रो संशोधनद्वारा संशोधित ।

➔ पहिलो संशोधनद्वारा झिकिएको ।

(छ) पन्छीका लागि फाराम -७
(ज) विभिन्न पन्छीका फुल तथा एक दिने चल्ला वा भरखर कोरलियका चललाको लागि फाराम -८
(३) उपनियम (२) बमोजिम जारी गरिएको प्रमाणपत्र जारी गरेको मितिले दश दिनसम्मको लागि मान्य हुनेछ ।

११. <u>लिलाम विक्रि गर्न सकिने :</u> (१) नियम ६ को उपनियम (७) बमोजिम जफत गरिएको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री क्वारेन्टाइन अधिकृतले लिलाम विक्रि गर्न सक्नेछ ।
(२) उपनियम (१) बमोजिम लिलाम विक्रि गर्दा क्वारेन्टाइन अधिकृतले अवस्था हेरी सात दिनदेखि १५ दिनसम्मको म्याद दिई देहायका कुराहरु समेत खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ :-
(क) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीको विवरण,
(ख) न्युनतम मूल्य,
(ग) लिलाम बढाबढ हुने मिति, समय र स्थान,
(घ) लिलाम सकार गर्न बोलिएको अंकको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा,
(ङ) अन्य आवश्यक कुराहरु ।
(३) उपनियम (२) को खण्ड (ख) बमोजिम न्यूनतम मुल्य निर्धाराण गर्नको लागि देहायको मुल्य निर्धारण समिति रहनेछ :-
(क) क्वारेन्टाइन अधिकृत - अध्यक्ष
(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय वा भन्सार कार्यालय - सदस्य
(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य
(४) लिलाम सकार गरेको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री तोकेको अवधिभित्र कबोल गरेको कुरा रकम बुझाइ नउठाएमा राखिएको धरौटी जफत गरी पुनः लिलाम गर्न सकिनेछ ।
(५) लिलाम बढाबढ गर्दा न्युनतम मुल्य कबोल नगरेमा पुनः लिलाम बढाबढ गराउनु पर्नेछ । यसरी पुनः लिलाम बढाबढ गर्दा न्यूनतम मुल्यको दश प्रतिशतसम्म घटी कबोल हुन आएमा पनि लिलाम विक्रि गर्न सकिनेछ । यसरी पनि लिलाम बढाबढ हुन नसकेमा क्वारेन्टाइन अधिकृतले जिल्ला प्रशासन प्रतिनिधहरुको रोहवरमा सिधै विक्रि गर्न सक्नेछ ।

## परिच्छेद-३

## <u>सिफारिस पत्र, अनुमतिपत्र तथा गुणस्तर सम्बन्धी व्यवस्था</u>

१२. <u>उद्योग स्थापना सम्बन्धी सिफारिसपत्र :</u> (१) ऐनको दफा १७ बमोजिमको उद्योग स्थापना गर्न सिफारिसपत्र लिन चाहनेले *तीन सय रुपैयाँ दस्तुर सहित अनुसूचि - ४ को ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

---

* दोश्रो संशोधनद्धारा संशोधित ।